# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण २१ गते २०१४ साल

### अर्थ (आय) सचिवालयको सूचना

विषयः— लाइसेन्स दिनुअगावै सरकारका भन्सार महसूल तिरे नतिरेको रसीद हेरिकन मात्र लाइसेन्स दिने।

सरोकारवाला सरकारी विभागहरूले अबउप्रान्त तपसीलबमोजिमका नियम पालना गरी मात्र सरकारबाट लाइसेन्स प्रदान गरिने बस्तुहरूमा लाइसेन्स दिने गर्नू भन्ने ११।४।०१४ मा निर्णय भएकोले कार्यार्थ यो सूचना प्रकाश गरिएको छ।

तपसील

(१) सरकारबाट लाइसेन्स लिनुपर्न र सरकारी महसूल लाग्ने कुनै पनि सरसामानको सम्बन्धित विभागबाट लाइसेन्स दिनुअगावै भन्सार महसूल तिरे नतिरेको बुझी तिरेको भए रीतपूर्वकको रसीद हेरिकन मात्र लाइसेन्स दिने गर्नू।

(२) भन्सार सुविधा पाई झिकाएका मोटरआदिमा पनि लाइसेन्सप्रदान गर्नेले सो मालको लगत भन्सारमा रहे नरहेको बुझिकन मात्र लाइसेन्स दिने गर्नू।

आज्ञाले—
नीरराज,
सेक्रेटरी-अर्थसचिवालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अर्थसचिवालयको सूचना

सचिवालयका पदाधिकारीले खर्च भए गरेको कलमहरूमा सोही सचिवालयले नै मिन्हा गर्ने नगरी सचिवालयका पदाधिकारीहरूले खर्च भए गरेको नगदी जिन्सीको मिन्हा दिनुपर्ने जति एकाउन्टेन्ट जनरल अफिसको देहायका पदाधिकारीहरूले देहायका अंकभित्रको नगदी जिन्सी ऐन सवाल रूल नियम आदेश बमोजिम खर्च भए गरेको मिन्हा दिने अख्त्यारी सुम्पी दिएको हुँदा अबउप्रान्त त्यस्तो मिन्हा दिनुपर्नेमा लेखिएबमोजिम गर्नु गराउनुहोला।

| | |
|---|---|
| डेपुटी एकाउन्टेन्ट जनरललाई रु. २००० दुईहजार सम्मको | १ |
| एकाउन्टेन्ट जनरललाई त्यसदेखि बढी रु. ५००० पाँचहजार सम्मको | १ |
| त्यसदेखि बढी अंक जतिमा एकाउन्टेन्ट जनरल मार्फत श्री अर्थमन्त्री ज्यूमा पेश गरी निकाशा लिने गर्नू | १ |

आज्ञाले—
नीरराज,
सेक्रेटरी-अर्थमन्त्रालय·

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०८